नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

फोन नं ४२०००००, ४२००२८५

पत्र संख्या : २०७५।७६

चलानी नं: ६२

मिति: २०७५/०५/१५

विषय: संविधान दिवस भव्यताका साथ मनाउने सम्बन्धमा ।

श्री जिल्ला समन्वय समिति (सबै),

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका (सबै),

श्री गाउँपालिका (सबै) ।

आगामी २०७५ असोज ३ गते संविधान दिवसलाई राष्ट्रिय दिवसको रुपमा भव्यताका साथ मनाउन सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा संविधान दिवस मूल समारोह समिती गठन भएको छ ।

यसै गरी प्रदेश राजधानी (केन्द्र) हरुमा प्रदेश सरकारको मुख्यमन्त्रीको अध्यक्षतामा संविधान दिवस प्रदेश स्तरीय समारोह समिति गठन हुने र काठमाडौं उपत्यका बाहिरका जिल्लाहरुमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा संविधान दिवस समारोह समिति गठन गरी सरसफाई, प्रभातफेरी, खेलकुद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, सांस्कृतिक कार्यक्रम र विभिन्न झाँकी प्रदर्शनी जस्ता विविध कार्यक्रमका साथ संविधान दिवस भव्य रुपमा मनाउने र असोज २,३ र ४ गते साँझ दिपावली गर्ने गरी कार्यक्रम तय भएको छ ।

अतः देहाय बमोजिम समिति गठन गर्न र कार्यक्रम तय गरी संविधान दिवस मनाउनु हुन नेपाल सरकार (माननीय मन्त्रिस्तर) को निर्णयानुसार अनुरोध गरिएको छ ।

क) जिल्लास्तरमा जिल्ला समन्वय समितिका प्रमुखको अध्यक्षतामा संविधान दिवस जिल्ला समारोह समिति गठन गर्ने । सो समितिमा जिल्ला समन्वय समितिका प्रमुख/उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय अधिकारी लगायतका कार्यालय प्रमुखहरु, राजनीतिक दल, सामाजिक क्षेत्र, उद्योगी व्यवसायी, समाजसेवी, नागरिक अगुवाहरुलाइ समावेश गर्ने ।

ख) नगरपालिका तथा गाउँपालिकामा प्रमुख/अध्यक्षको अध्यक्षतामा उपप्रमुख/उपाध्यक्ष, गाउँ/नगरकार्यपालिकाका सदस्यहरु, स्थानीय तहका सार्वजनिक संघ, संस्था, निकायको प्रतिनिधिहरु, नागरिक समाज, नीजि क्षेत्र, गैसस, सहकारी संस्थाका प्रतिनिधिहरु लगायतको सहभागितामा स्थानीय तह स्तरीय समारोह समिति गठन गर्ने । समितिमा राजनीतिक दल, समाजका सबै वर्ग, व्यवसाय, क्षेत्रका महानुभावहरुलाइ प्रतिनिधित्व गराउने ।

ग) स्थानीय वडा स्तरसम्म प्रभातफेरी, खेलकुद, परिसम्वाद, प्रवचन गोष्ठी, साहित्यिक गोष्ठी, सांस्कृतिक कार्यक्रम, विभिन्न झाँकी प्रदर्शन र सरसफाई कार्यक्रम लगायत स्थानीय परिवेश अनुसारको कार्यक्रम सञ्चालन तथा नविनतम एवं सिर्जनात्मक प्रकृतिका कार्यहरु प्रारम्भ गरी संविधान दिवस भव्य रुपमा मनाउने तथा असोज २,३ र ४ गते साँझ दिपावली गर्ने ।

(सुरेश अधिकारी)

सह-सचिव